# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, जेठ १० गते २०३४ साल

श्री ५ को सरकार

**रक्षा मन्त्रालयको**

**सूचना**

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले वीरगञ्ज ब्यारेकको लागि नारायणी अञ्चल पर्सा जिल्ला, वीरगञ्ज नगर पञ्चायत वडा नं. १० मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी वापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व कि. नं. १०८ को जग्गा, पश्चिम वीरगञ्ज नगर पञ्चायतको जग्गा, उत्तर कि. नं. ६८ को जग्गा दक्षिण वीरगञ्ज नगर पञ्चायतको जग्गा यति ४ किल्लाभित्रको कि. नं. ६८ मध्येबाट ०–११–२ (एघार कट्ठा दुई धुर) को मालपोत रू. २८।३१ (अठाईस रूपैयाँ एकतीस पैसा) लागेको कित्ता ।

आज्ञाले–

फणीन्द्रराज हमाल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।